KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ

# Nepal Medical Association

**Founded: 20 Falgun 2007 (4th March 1951)**

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Oceania (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE (2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

मिति: २०८२/०७/१३
च.नं. ५०९

श्री माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू,

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

रामशाहपथ, काठमाडौं।

**विषय: नेपालको स्वास्थ्य प्रणाली सुधारका लागि सुझाव तथा शुभकामना पत्र ।**

माननीय मन्त्रीज्यू,

सबैभन्दा पहिले, तपाईंलाई स्वास्थ्य मन्त्रालयको नेतृत्वका लागि नेपाल चिकित्सक संघको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौँ। तपाईंको नेतृत्वमा आगामी दिनमा स्वास्थ्य सेवा प्रणालीमा अपेक्षित सुधार र नवीन दृष्टिकोणहरू लागू हुने विश्वास हामीलाई छ।

नेपालको स्वास्थ्य प्रणाली अहिले सुधारको महत्त्वपूर्ण चरणमा छ। संघीय व्यवस्थापनपछि देखिएका चुनौतीहरू, प्राथमिक स्वास्थ्य सेवा कमजोर हुनु, स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता र मानव स्रोत व्यवस्थापनमा रहेका असमानताहरूले जनतालाई प्रत्यक्ष असर पारिरहेका छन्।

यसै सन्दर्भमा, नेपाल चिकित्सक सङ्घले प्राथमिक स्वास्थ्य संरचनालाई मजबुत बनाउने, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउने र सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबीचको निगरानी र जवाफदेहिता स्पष्ट पार्ने उद्देश्यसहित चिकित्सक, स्वास्थ्यकर्मी र जनतालाई समेटेर प्रमुख चुनौतीहरु अवगत गराउंदै हाम्रा स्वास्थ्य सेवा प्रणालीका समस्या समाधानार्थ केही सुझावहरू पेश गर्न चाहन्छौं:

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007 (4th March 1951)

Member:
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

**हालका चुनौतीहरू**

सरकारले नयाँ नीति तथा कार्यक्रमहरू अघि सारिरहेको छ। तर यिनमा निम्न समस्याहरू देखिएका छन्:

**राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमको कमजोर कार्यान्वयन:**

- आवेदन र नवीकरण दर कम छ।
- बीमित सुविधाहरू स्थानीय तहमा अपर्याप्त छन्।
- दावी प्रक्रिया जटिल, भुक्तानी ढिलो र सेवाको गुणस्तरमा एकरूपता छैन।
- Double Check System: बिमाको औषधिको गुणस्तर मापन गर्ने स्वतन्त्र निकाय छैन ।

**कमजोर प्राथमिक स्वास्थ्य सेवा:**

- प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरूमा पर्याप्त चिकित्सक, औषधी, परीक्षण सुविधा र व्यावसायिक क्षमताको अभाव छ।
- स्थानीय जनस्तरमा सेवाको गुणस्तर र निरन्तरता सुनिश्चित हुन सकेको छैन।

**मानव स्रोत तथा समायोजनका समस्याहरू:**

- प्रशिक्षित स्वास्थ्यकर्मी (विशेष गरी मध्य-स्तरका) को कमी र दुर्गम क्षेत्रमा उनीहरूको नियुक्ति र टिकाउका लागि पर्याप्त नीतिहरू नहुनु।
- प्रोत्साहन र सेवास्थलका लागि आर्थिक र गैर-आर्थिक सुविधा सीमित हुनु।

**निगरानी, प्रशासन र जवाफदेहितामा अस्पष्टता:**

- सङ्घ, प्रदेश र स्थानीय सरकारबीच भूमिका तथा जिम्मेवारीको बाँडफाँड स्पष्ट छैन।
- गुणस्तर मापन, सुविधा प्रमाणीकरण, क्लिनिकल मेन्टरिङ र सार्वजनिक पारदर्शितामा कमी छ।

PhoneNo::+977-1-5325860,5331825,FaxNo.:+977-1-4225300,Email:nma@nma.org.np,Web:www.nma.org.np

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007 (4th March 1951)

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE**
**(2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

**उपचारको क्रममा हुने खल्तीबाट खर्च र वित्तीय सुरक्षाको अभाव:**

- बीमाले नसमेट्ने औषधी, परीक्षण र यातायात खर्चले गर्दा घरपरिवारमा ठूलो आर्थिक भार परेको छ।

**सुझावहरू**

**मानव स्रोत व्यवस्थापन**

- सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच एकीकृत स्वास्थ्य मानव संसाधन नीति तयार पार्नुपर्छ।
- स्थायी, करार, अस्थायी र दैनिक ज्यालादारीमा रहेको विभाजन हटाई एकीकृत तलब संरचना लागू गर्नुपर्छ।
- ग्रामीण सेवा बन्धन/बोन्डेड स्कलरशिप प्रणालीलाई व्यावहारिक बनाउनुका साथै ग्रामीण क्षेत्रमा सेवाका लागि आकर्षक प्रोत्साहन (आर्थिक तथा करियर लाभ) उपलब्ध गराउनुपर्छ।
- शैक्षिक ऋणको व्यवस्था मिलाउनुपर्छ ।

**पारिश्रमिक र सुविधा**

- 'समान कामका लागि समान पारिश्रमिक' नीति तत्काल लागू गरी सबै तहका चिकित्सक र स्वास्थ्यकर्मीलाई न्यूनतम सम्मानजनक पारिश्रमिक उपलब्ध गर्नुपर्छ।
- स्वास्थ्यकर्मीका लागि १००% जोखिम भत्ता लागू गर्नुपर्छ।
- चिकित्सक र स्वास्थ्यकर्मीको तलब संरचनालाई स्वतन्त्र आयोगमार्फत समयानुकूल पुनरावलोकन गर्नुपर्छ।
- स्वास्थ्यकर्मीका लागि दुर्गम भत्ता, Academic Allowance र Research Grant को व्यवस्था मिलाउनुपर्छ ।
- Practise Based Incentive को प्रतिवेदन कार्यान्वयन गर्ने ।

**सामाजिक सुरक्षा र बीमा**

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

**Founded: 20 Falgun 2007 (4th March 1951)**

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE (2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

सबै स्वास्थ्यकर्मीलाई राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रममा स्वतः दर्तासहित अतिरिक्त 'व्यावसायिक बीमा प्याकेज' सुनिश्चित गर्नुपर्छ। साथै दुर्घटना बिमा, जीवन बिमा, शैक्षिक बिमाको व्यवस्था हुनुपर्छ ।

कार्यस्थलमा हुने दुर्घटना वा महामारीको समयमा मृत्यु वा अपाङ्गता भएमा विशेष राहत कोष स्थापना गर्नुपर्छ।

**नीतिगत र कानूनी व्यवस्था:**

- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को आवश्यक संशोधन गर्ने ।
- नेपाल मेडिकल काउन्सिल ऐन संशोधन गरी Temporary license खारेज गरी सिधै Permanent Licence प्रदान गर्ने र PG अध्ययनका लागि १ वर्षे कार्य अनुभव हुनुपर्ने व्यवस्था खारेज गर्नुपर्ने ।
- उच्च शिक्षा अध्ययनका लागि चिकित्सा शिक्षा ऐनमा रहेको १ वर्षे कार्य अनुभव हुनुपर्ने व्यवस्था खारेज गर्ने ।
- नेपाल चिकित्सक संघसँग सम्झौता भए बमोजिम उपभोक्ता संरक्षण ऐन, २०७५ संशोधन गर्ने ।
- विकास समितिहरुमा हुने नियुक्ति खारेज गरी स्थाई नियुक्ति र वृत्ति विकासको प्रावधान मिलाउने।
- चिकित्सक ऐन र स्वास्थ्य सेवा ऐनको नियमन र आवश्यक संशोधन गर्ने ।

**कार्य–वातावरण र कानुनी सुरक्षा**

स्वास्थ्य संस्थाभित्र चिकित्सक वा स्वास्थ्यकर्मीमाथि हुने हिंसा वा दुर्व्यवहारलाई गम्भीर अपराध मानी कडा कानुनी कारबाही गर्ने प्रावधान ल्याउन पर्छ। Zero tolerance नीति अपनाई शारीरिक, भौतिक, मानसिक हिंसा गर्नेलाई कारवाही गर्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐनलाई संशोधन गरी अनिवार्य हिरासतको व्यवस्था गर्नुपर्छ ।

PhoneNo::+977-1-5325860,5331825,FaxNo.:+977-1-4225300,Email:nma@nma.org.np,Web:www.nma.org,np

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

कार्यस्थलमा सुरक्षा गार्ड, सिसिटिभी र आपत्कालीन हेल्पलाइन जस्ता सुरक्षा उपायहरूलाई अनिवार्य गर्नुपर्छ।

**शिक्षा र क्षमता विकास**

- निरन्तर चिकित्सा शिक्षा (कन्टिन्यु मेडिकल एजुकेशन) मा सहभागी हुने चिकित्सकलाई वृत्तिविकास मा प्रत्यक्ष अङ्क (क्रेडिट) दिने गर्नुपर्छ।
- ग्रामीण वा सार्वजनिक स्वास्थ्य सेवामा काम गर्ने चिकित्सकलाई उच्च शिक्षा वा फेलोसिपमा प्राथमिकता दिने गर्नुपर्छ।
- सरकारी खर्चमा विदेशमा तालिम वा फेलोसिप गएका चिकित्सकलाई स्वदेश फर्किएर न्यूनतम वर्ष सेवा गर्नुपर्ने नीतिलाई व्यावहारिक बनाउने गर्नुपर्छ।
- छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई स्थायी नियुक्ति र उच्च शिक्षा अध्ययनलाई गरेको बन्देज हटाउने ।

**प्रशासनिक र संरचनागत सुधार**

स्वास्थ्य मन्त्रालयअन्तर्गत 'स्वास्थ्य जनशक्ति प्राधिकरण' स्थापना गरी चिकित्सक र स्वास्थ्यकर्मीको व्यवस्थापनलाई वैज्ञानिक र पारदर्शी बनाउने। आयुर्वाद र Medical Tourism को promotion गर्ने ।

सङ्घ, प्रदेश र स्थानीय तहबीच 'स्वास्थ्य मानव संसाधन सूचना प्रणाली'लाई एकीकृत गर्नुपर्छ। नेपालको स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाउन चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई समान अवसर, समान पारिश्रमिक, सामाजिक सुरक्षा र सुरक्षित कार्य–वातावरण आवश्यक छ। Hospital Accreditation System लागु गर्ने । Research महाशाखाको व्यवस्था गर्ने ।

त्यसैले, नेपाल चिकित्सक सङ्घले सरकारलाई तत्काल निम्न बुँदाहरूमा सिफारिस गर्न चाहन्छौँ:

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

**क. अस्पतालको स्तर स्पष्ट गर्ने:**

- प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी: सामान्य उपचार, आधारभूत परीक्षण र औषधी वितरण।
- जिल्ला/प्रादेशिक अस्पताल: जटिल रोग, आकस्मिक उपचार, प्रसूति तथा शल्यक्रिया सेवा।
- तेस्रो स्तर/राष्ट्रिय/विशेष अस्पताल: अति जटिल रोग, विशेषज्ञ सेवा, शिक्षण र अनुसन्धान।

- यसरी स्पष्ट स्तर विभाजनले अत्यावश्यक सेवाहरू उपयुक्त तहमा पुग्ने सुनिश्चितता हुनेछ।

**ख. प्राथमिक स्वास्थ्य केन्द्रको क्षमता अभिवृद्धि:**

- चिकित्सक, स्वास्थ्यकर्मी र एएनएम/एचए उपलब्ध गराउने।
- आधारभूत डायग्नोस्टिक सुविधा (सामान्य रक्त परीक्षण), औषधी र आपत्कालीन उपचार सुनिश्चित गर्ने।

**ग. 'गेटकिपिङ' र रिफरल प्रणाली लागू गर्ने:**

- बिरामीले प्राथमिक स्वास्थ्य केन्द्रबाट सुरु गरी आवश्यक भए मात्र उच्च तहको अस्पतालमा रिफर हुने स्पष्ट नियम लागू गर्ने।
- यसले गर्दा अनावश्यक भीडभाड, ढिलो सेवा र बिरामीको खर्च कम हुनेछ।

**घ. डिजिटल र व्यवस्थापकीय सुधार:**

- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, सुविधा दर्ता र राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमको दावी प्रणालीलाई एकीकृत गर्ने।
- हरेक स्वास्थ्य संस्थाको उपलब्धि, स्टकको स्थिति, कर्मचारीको उपस्थिति र सेवाको पारदर्शी ट्र्याकिङ गर्ने।

**ङ. मानव स्रोत र क्षमता विकास:**



Scanned with CamScanner

KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association
**Founded: 20 Falgun 2007 (4th March 1951)**

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE**
**(2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

- स्वास्थ्यकर्मी र एएनएम/एचए हरूको तालिम, वृत्तिविकास करियर मार्ग सुनिश्चित गर्न र ग्रामीण क्षेत्रमा सेवाका लागि आकर्षक प्रोत्साहन प्रदान गर्ने।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा सेवा दिने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहनको व्यवस्था गर्ने, सम्पूर्ण स्वास्थ्यकर्मीका लागि राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम र व्यावसायिक बीमा प्याकेजलाई अनिवार्य गर्ने।
- स्वास्थ्यकर्मीमाथि हुने हिंसा रोक्न कडा कानुनी कदम चाल्ने।
- प्राथमिक स्वास्थ्यमा Preventive, Curative र Promotive practice सुरु गराउने ।

यसबाट स्वास्थ्य पेसामा असन्तोष कम हुने, दक्ष जनशक्ति टिक्ने, सेवाको गुणस्तर बढ्ने र अन्ततः नेपाली जनतालाई स्वास्थ्य सेवा सहज र प्रभावकारी रूपमा उपलब्ध हुनेछ।

**अन्य:**

- औषधि व्यवस्था विभाग र स्वास्थ्य सेवा विभागको पुनर्गठन गर्ने ।
- स्वास्थ्य सेवा विभागलाई उपचारात्मक र रक्षात्मकमा विभाजन गर्ने ।
- मन्त्रालयमा स्वतन्त्र निकाय गठन गरी त्यसमा औषधि व्यवस्था विभाग, प्रयोगशाला, Biomedical Engineering लगायत समावेश गर्ने ।

**नेपालमा सङ्घीय व्यवस्था अन्तर्गत स्वास्थ्य सेवा प्रवाह सुधार गर्ने यो एक सुनौलो अवसर हो।** हामीसँग आधारभूत संरचनाहरू (महिला स्वास्थ्य स्वयंसेविकाको सञ्जाल, स्थानीय सरकार, कानुनी प्रावधानहरू) छन्, तर स्पष्ट जिम्मेवारी, पूर्वाधार, मानव स्रोत, वित्तीय प्रवाह र गुणस्तर सुनिश्चित गर्ने समन्वय आवश्यक छ ।

**यी सुझावहरूको समयबद्ध र तथ्य–आधारित कार्यान्वयनले:**

- पहिलो, प्राथमिक स्वास्थ्य सेवा घर नजिकै पुग्ने र विश्वसनीय हुनेछ।
- दोस्रो, हालको उपचार खर्चबाट घरपरिवारमा पर्ने आर्थिक भार घट्नेछ।
- तेस्रो, स्वास्थ्य बीमा प्रणाली दिगो र पारदर्शी बन्नेछ।
- चौथो, समावेशी र न्यायोचित स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुनेछ।

PhoneNo::+977-1-5325860,5331825,FaxNo.:+977-1-4225300,Email:nma@nma.org.np,Web:www.nma.org,np

Scanned with CamScanner

KTM, CDO Reg

# नेपाल चिकित्सक संघ

# Nepal Medical Associatio

Founded: 20 Falgun 2007 (4th March 1951)

**Member:**

World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Oceania (CMAAO)

CENTRAL O
Siddhi Sadan, 
Exhibition Roa
Nepal (Asia)

**EXECUTIVE COMMITTEE**
**(2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Ashis Shrestha

नेपाल चिकित्सक संघ, सरकारले यी सुझावहरूलाई विचार गरी तुरुन्त बज
योजना निर्माणमा समावेश गर्ने अपेक्षा राख्दछ।

भवदीय,

डा. सन्जिब तिवारी
महासचिव

डा. अनिल विक्र
अध्य

PhoneNo.:+977-1-5325860,5331825,FaxNo.:+977-1-4225300,Email:nma@nma.org.np,Web:www.nma.org.np